निर्णयहरु

१. छिमेकी देश भारत लगायत विश्वमानै कोभिड-१९ को नयाँ भेरियन्ट फैलिरहेको र नेपालमा समेत नयाँ भेरियन्टको संक्रमण दर बढी रहेकोले सोको नियन्त्रणको लागि बढी भिडभाड हुने स्थल र सार्वजनिक यातायातका साधनहरुमा यात्रागर्ने यात्रुहरुलाई मास्क, सेनिटाइजरको प्रयोग गर्न र जनस्वास्थ्यको मापदण्ड पालना गर्न गराउन जिल्लास्थित सबै स्थानीय तह, उद्योग, व्यापारिक प्रतिष्ठनहरु, र कार्यालयहरुलाई अनुरोध गर्ने।

२. यस अघि कोभिड-१९ को संक्रमण परीक्षण गरि आएका स्वास्थ्य संस्थाहरुले कोभिड-१९ परीक्षणको (पिसिआर टेष्ट) व्यवस्था पुनः सुचारु गर्न आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्ने।

३. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि अस्पताल लागयत स्वास्थ्य संथाहरुमा उच्च सावधानी अपनाउने। जनशक्ति, स्वास्थ्य सामग्री, अक्सिजन सिलिन्डरको पर्याप्त व्यवस्था गर्न अनुरोध गर्ने।

४. काकरभिट्ट नाकामा रहेको हेल्पडेक्सलाई थप प्रभावकारी रुपमा संचालनमा ल्याउने र संकास्पद व्यक्तिहरुलाई सीमा नकामा एन्टिजेन्ट परीक्षणको व्यवस्था मिलाउने।

५. कोभिड-१९ संक्रमण नियन्त्रणको लागि जनस्वास्थ्यका मापदण्ड पालना गर्न गराउन स्वास्थ्य कार्यालयको समन्वयमा सचेतनामुलक संदेश संप्रेषण गर्न जिल्लास्थित सबै स्थानीय तह, सरकारी एवं गैर सरकारी संघ, संस्था, नेपाल पत्रकार महासंघ, नेपाल रेडक्रस सोसाइटी लागयतलाई अनुरोध गर्ने।

२०७८।९।२६

प्रमुख जिल्ला अधिकारी